# विश्वब्रम्हाण्डबाट तीन सन्देशहरू

## (Three Cosmic Messages)

**(भित्रीकथा सहित)**


**लेखक:**

मार्क फिन्ली

(Mark Finley)

**भावानुवादक:**

भजुराम तखाछैं श्रेष्ठ



**हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट**

**सन् २०२३ (बि.सं. २०७९)**

ईन्टरनेट वेबसाईट : https://www.nepalworks.com/bhajupurna
https://www.sabbathschoolpersonalministries.org/international

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**

**सम्पादक: क्लिफोर्ड आर. गोल्डस्टइन**

प्रथम संस्करण : २०७९ (ई.सं. २०२३)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२, ९८४०२९२७८५
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४३२२८६०६
वितरक: कुबेर लामिछाने, ९८४१७१५०९५

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## <u>तीन स्वर्गदूतहरूका सन्देशहरू</u>

येशूको आगमन हुनेछ भनेर पर्खेर बस्दा उहाँ नआउँदा महान निराश छाएको एक हप्ता अघि एउटा धर्मात्मा लुथरनको परिवारमा अक्टोबर १५, १८४४ मा एक जना बालक जर्मनीमा जन्मेको थियो। उसको नाउँ फ्रेडरिक निट्श्जेश थियो। उनी आधुनिक युगमा अत्यन्तै प्रभावकारी नास्तिक दार्शनिक हुन पुगेको थियो। इसाई परमेश्वर पश्चिमी मुलुकहरूमा मरिरहेकाछन् भनेर उनले विश्वास गरेका थिए। इसाई धर्मले सिकाएको नैतिक मूल्यमान्यतालाई उनले आफ्नो जीवनभर धज्जी उठाएका थिए। इसाई हुनु दासत्वलाई स्वीकार गर्नु हो र कोही इसाई हुन्छ भने स्वःत नैतिक दासत्वमा पर्छ भनेर सिकाएका थिए। बलियो मानिसहरूबाट कमजोर मानिसहरू सुरक्षित हुन "तिम्रो छिमेकीलाई प्रेम गर" भन्ने जस्ता मूर्खपूर्ण नीति इसाई धर्मले उत्पादन गरेको हो भन्ने उनको धारणा थियो। निट्स्जेशले बाइबलले सिकाएको असल र खराबको अवधारणलाई पनि फ्याँक्न खोजेका थिए। आफ्नो एक पुस्तक, *यसरी जोराथस्ट्रले बोल्छ* भन्ने पुस्तकमा "पुरानो व्यवस्थाको पाटीहरूलाई टुक्रा टुक्रा गर" भनेर लेखेका थिए, अर्थात् दश आज्ञाहरूलाई धुजा धुजा गर।

१८४४ को वर्ष कम्युनिस्ट सिद्धान्तको प्रवर्तक कार्ल मार्कसको निम्ति पनि महत्त्वपूर्ण थियो। उनले "इकोनोमिक एण्ड फिलोसोफिक मान्युस्क्रिप्ट अभ १८४४" पुस्तक जुन कम्युनिस्ट संसारमा हलचल ल्याउने पुस्तक त्यही वर्षमा लेखेको थिए। यो पुस्तक सोभियत संघले सन् १९३२ मा छापेको थियो। त्यस पुस्तकमा मार्कसको दर्शनको सुरूको विकासको बारेमा लेखिएको छ। भौतिक विकाशको निम्ति कसरी विभिन्न आर्थिक कदमहरू चाल्नुपर्छ र अन्तमा आएर संसारका सबै मजदुरहरू एक भएर शोषक पुँजिवादी सामन्तहरूलाई पतन गराएर यस संसारमा आदर्श समाज सृजना गर्नुपर्छ भन्ने धारणा अघि सारेका थिए।

क्रमिक विकासबाद सिद्धान्तको प्रवर्तक चार्लस डार्विनको निम्ति पनि १८४४ महत्त्वपूर्ण वर्ष थियो। उनले लखेको "एस्से अभ १८४४" को निबन्धमा क्रमिक बिकासवादको अवधारणा अघि सारेका थिए। तत्काल त्यो निबन्ध छापिएको थिएन। सन् १८५९मा उनले *ओरिजिन अभ स्पेसिज* छापेका थिए। त्यसमा उनले यस संसारमा जीवन शुक्ष्म जीवबाट स्वत बिकास हुँदै अहिलेको मानिस बन्न

पुग्यो भन्ने धारणा लेखेका थिए। अर्थात् मानिसको पूर्खा अचानक निस्केको शुक्ष्म जीव हो र पछि बनमान्छेमा बिकसित हुँदैन मानिस बन्यो भन्ने उनको जिकिर थियो।

तर सन १८४४ दानिएलले दानिएल ८:१४ मा भविष्यवाणी गरेको २३०० दिन वा वर्षको भविष्यवाणी पूरा भएको वर्ष पनि थियो। अनि त्यहीं वर्ष, इसाई जगतमा घटेको महान् निराशबाठ बचेखुचेका झुण्डमा विशेष शिक्षाका बिऊहरू रोपिएको थियो। त्यहीं बिऊ उम्रन्दै गएर विश्वव्यापी अभियानमा परिणत भएको थियो। त्यसले मार्कस, निटस्जेश र दार्विनका सिद्धान्तहरूलाई हाँक दिने समूह यस संसारमा विशेष धरोहरको रूपमा खडा भयो।

दार्विनको धारणा विपरित सेभेन्थ-डे एडभेन्टिस्टहरूले बाइबललाई साक्षी राखेर जीवन सुरु गर्ने सृष्टिकर्ता सनातन परमेश्वर हुनुहुन्छ भनेर सिकाउँदछन्। यस पृथ्वीमा अचानक, प्रकृतिको स्वभाव, जथाभावी एक जीवसँग अर्को जीवसँग मिलेर वा प्राकृतिक वातावरण अनुसार उत्पन्न भएको होइन बरु परमेश्वरको शक्तिले छ दिन लगाएर यस पृथ्वीमा बनस्पति, जीव र यावत थोकहरू सृष्टि गर्नुभएको थियो र सातौं दिनको दिनमा आफ्नो सृष्टिको काम सिध्याएर विश्राम लिनुभएको थियो भनेर सेभेन्थ-डे एडभेन्टिस्टले जिकिर गर्दछ।

निट्जस्चेको विद्या विपरित सेभेन्थ-डे एडभेन्टिस्ट अभियानले यो सिकाउँदछ कि परमेश्वरको अस्तित्वमात्र होइन सारा विश्वब्रम्हाण्ड नैतिक नीति वा दश आज्ञाहरू अनुसार चल्दछ र यो सम्पूर्ण मानव जगत यहीं नीतिको दायरभित्र रहनुपर्दछ साथै आखिरमा परमेश्वरले दश आज्ञाकै मापदण्डको आधारमा न्याय गर्नुहुनेछ भनेर पनि एडभेन्टिस्ट अभियानले सिकाउँदछ।

येशूको आगमनको प्रतिक्षादेखि लिएर संसारको वौद्धिक जगतलाई हल्लाउने दर्शनहरूको प्रादुर्भाव १८४४ ताकातिर नै भएको के यो संयोग हो त? हामी भन्छौं होइन।

मार्क्स, निट्जस्चे र दार्विन-तीं तिनै जना पात्रहरूले मानव जगतलाई तिनीहरूको दर्शनले हल्लाएर ठूलो हानी गरेको छ जुन सितिमिति सुधार्न सकिन्न। तर तीं गलत धारणाहरूले मानव जगतलाई दमन नगरून् भनेर परमेश्वरले आफ्नो सत्यको गवाहीको दिप यस संसारमा बाल्नुभएको थियो। तीं बिनाशकारी दर्शनहरूको बीचमा एक झुण्डको उदय गराउनुभयो जसले तीं तीन

दार्शनिकहरूलाई हवाला दिन आन्दोलन मच्चायो। पछि गएर त्यो झुण्ड सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको नाउँमा खडा भयो, जसले परमेश्वरको अन्तिम दिनको सत्य घोषणा गर्न जिम्मा लियो। त्यो सत्य हो तीन स्वर्गदूतहरूको सन्देश। मानव जगतलाई प्राकृतिक, आर्थिक र दार्सनिकरूपमा धोखा दिने ती तीन जनाको भ्रम वा गलत शिक्षाको जगलाई हल्लाउन ती स्वर्गदूतहरूको सन्देश यस पृथ्वीमा घोषणा गरिएको थियो।

तीन स्वर्गदूतहरूको सन्देश सेभेन्थ-डे एडभेन्टिस्ट चर्चलाई युद्धस्तरमा घोषणा गर्न दिइएको थियो। तीन स्वर्गदूतहरूको सन्देशको मूल जग हेरियो भने त्यो शुद्ध, सरल र निर्मल सुसमाचार हो। तर त्यो सुसमाचार वर्तमान समयसापेक्षित सत्यको (२ पत्रुस १:१२) रूपमा प्रस्तुत गरिएको छ।

**यस अध्ययन पुस्तकको मूल विषयबस्तु तीन स्वर्गदूतका सन्देशहरू हुन्।**

*अमेरिकाको कनेक्टिकट राज्यमा जन्मनुभएको मार्क फिन्ले अन्तराष्ट्रिय ख्यातीप्राप्त सुमाचार प्रचारक हुनुहुन्छ। उहाँ २००५-१०१० सम्म जनरल कन्फरेनसमा सहअध्यक्ष भएर काम गर्नुभएको थियो। आफ्नो काममा अवकाश पाइसक्नु भएपछि उहाँ जनरल कन्फरेन्सको अध्यक्षको सहयोगी भएर काम गरिरहनुभएको छ। पास्टर फिन्ले र उहाँकी श्रीमती अर्नेस्टाइनका तीन छोराछोरीहरू र पाँच नातीनातिनाहरू छन्।*

# विषयसूची

| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | येशूले जित्नुहुन्छ-सैतान हार्छ | १ |
| २. | भविष्य निर्धारण गर्ने क्षण | १३ |
| ३. | अनन्तको सुसमाचार | २४ |
| ४. | परमेश्वरको भय मान र उहाँलाई महिमा देऊ | ३६ |
| ५. | न्यायको सुसमाचार | ४९ |
| ६. | न्यायको घडी | ६१ |
| ७. | सृष्टिकर्तालाई गर्ने पूजा | ७२ |
| ८. | साबथ र युगको अन्त | ८६ |
| ९. | गन्जागोल नाउँ गरेको सहर | ९८ |
| १०. | सैतानका अन्तिम छलहरू | ११३ |
| ११. | परमेश्वरको लालमोहर र पशुको छाप: भाग १ | १२९ |
| १२. | परमेश्वरको लालमोहर र पशुको छाप: भाग २ | १४२ |
| १३. | परमेश्वरको महिमाले जलन | १५४ |

# अस्थायी पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन असार ८, २०८० (जुन २३, २०२३) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | |
|---|---|
| १ अध्याय १ | *चैत्र ११-१७; March: 25-31* |
| २ अध्याय २ | *चैत्र १८-२४; April 1-7* |
| ३ अध्याय ३ | *चैत्र २५-बैशाख १; April 8-14* |
| ४ अध्याय ४ | *बैशाख २-८; April 15-21* |
| ५ अध्याय ५ | *बैशाख ९-१५; April 22-28* |
| ६ अध्याय ६ | *बैशाख १६-२२; April 29- May 5* |
| ७ अध्याय ७ | *बैशाख २३-२९; May 6-12* |
| ८ अध्याय ८ | *बैशाख ३०-जेष्ठ ५; May 13-19* |
| ९ अध्याय ९ | *जेष्ठ ६-१२; May 20-26* |
| १० अध्याय १० | *जेष्ठ १३-१९; May 27- June 2* |
| ११ अध्याय ११ | *जेष्ठ २०-२६; June 3-9* |
| १२ अध्याय १२ | *जेष्ठ २७- असार १; June 10-16* |
| १३ अध्याय १३ | *असार २- ८ ; June 17-23* |